आज मिति २०७६/०७/२५ गते सोमबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ७३ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री अरुण खनाल शिक्षा शाखा

श्री वीरध्वज लिम्बु योजना शाखा

श्री चन्द्र राई प्राविधिक शाखा

श्री ईश्वर कुमार प्रधान प्रशासन शाखा

श्री कमल प्रसाद भण्डारी

प्रस्तावहरु

**१ माईजोगमाई गाउँपालिका शिक्षा नियमावली (पहिलो संशोधन) २०७६ सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल हुँदा तपशिल बमोजिमको ३ महले फारम तयार गरी शिक्षा नियमावली २०७६ संशोधन गर्ने निर्णय गरीयो ।

| सि.नं. | साविक व्यवस्था | हाल संशोधन गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | शिक्षा नियमावलीको परिच्छेद-४ को नियम (२४ को उपनियम (१) को (६) मा "शिक्षा अधिकृत" भन्ने शब्द रहेको । | शिक्षा नियमावलीको परिच्छेद-४ को नियम (२४ को उपनियम (१) को (६) मा "शिक्षा अधिकृत" भन्ने शब्द पछि " वा शिक्षा शाखा प्रमुख" भन्ने शब्द थप गरिएको । | शिक्षा अधिकृत गाँउपालिकामा उपलब्ध नभएको अवस्थामा शिक्षा सम्बन्धी काम कार्य गर्न सहज र सरल बनाउन आवश्यक भएकोले । |
| २ | शिक्षा नियमावलीको परिच्छेद-४ को नियम (२४) को उपनियम (१क) पछि (१ख)" गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत– पदेन सदस्य र "(१ग)" स्थानीय तहको शिक्षा महासंघको अध्यक्ष – पदेन सदस्य" भन्ने थपिएको । | शिक्षा नियमावलीको परिच्छेद-४ को नियम (२४) को उपनियम "(१ख)" गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत– पदेन सदस्य र "(१ग)" स्थानीय तहको शिक्षा महासंघको अध्यक्ष – पदेन सदस्य" भन्ने व्यवस्था थप गरिएको छ । | गाउपालिकामा शिक्षा सम्बन्धीको काम कार्यमा अझ प्रभावकारी वनाउन र सहयोग पुर्‍याउन आवश्यक भएकोले । |
| ३ | शिक्षा नियमावलीको परिच्छेद-५ को नियम (२६) को उपनियम(क१) मा "उपनियम १(क) वमोजीमका सदस्यहरु छानी पठाउँदा सम्भव भए सम्म दलित, अल्पसंख्यक र लोपउन्मुख समुदायका मानिसहरुको समेत समावेशिता हुने गरि छानी पठाउनु पर्नेछ ।" भन्ने व्यवस्था रहेको । | शिक्षा नियमावलीको परिच्छेद-५ को नियम (२६) को उपनियम(क१) मा भएको साविक व्यवस्था हटाई " गाउकार्यपालिकाले सम्भव भएसम्म दलित, अल्पसंख्यक वा लोपउन्मुख समुदायका मानिसहरुको समेत समावेशिता हुने गरि छानी पठाएका चार जना – सदस्य " भन्ने व्यवस्था गरिएको छ । | संविधानले आत्मसाथ गरेको समावेशी सिद्धान्तलाई व्यवहारीक रुपमा कार्यान्वयन गरी विद्यालय व्यवस्थापन समितिमा सवै वर्ग, समुदायको पहूँच र प्रतिनिधित्व सुनिश्चित गराई सवैले अपनत्व ग्रहण गरेको व्यवस्थापन समिति गठन गर्न आवश्यक भएकोले । |
| ४ | शिक्षा नियमावलीको परिच्छेद-५ को नियम (२६) को उपनियम(२क) मा " विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले | शिक्षा नियमावलीको परिच्छेद-५ को नियम (२६) को उपनियम(२क) मा भएको साविक व्यवस्थामा थप संशोधन गरि विद्यालय व्यवस्थापन समितिका | विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सवै वर्ग, समुदायका सदस्यहरुले प्रतिस्पर्धा गर्न पाँउने व्यवस्थ गर्न |

| | | | |
|---|---|---|---|
| | उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ" भन्ने व्यवस्था रहेको । | सदस्यहरुले उपदफा (१) को खण्ड (क), भन्ने पछि "(क१)" भन्ने थप गरि शंसोधन गरिएको छ । | आवश्यक भएकोले । |
| ५ | शिक्षा नियमावलीको परिच्छेद-८ को नियम (५०) को उपनियम (३) पछि उपनियम "(४)" थपिएको । | शिक्षा नियमावलीको परिच्छेद-८ को नियम (५०) को उपनियम "(४)" थप गरि "उपनियम (१) विपरीत हुने गरि आफ्ना बालबालिकालाई भर्ना गर्ने सार्वजनिक पदाधिकारी, कर्मचारी, शिक्षकलाई गाँउपालिकाबाट सात दिनको समयतोकी लिखित स्पष्टिकरण माग गर्न सक्नेछ । गाँउपालिकालाई लिखित स्पष्टिकरण नदिई अटेर गरेमा त्यस्ता सार्वजनिक पदाधिकारी, कर्मचारी, शिक्षकलाई गाँउपालिकाबाट दिईने सेवा सुविधाहरु स्पष्टिकरण नदिए सम्मको लागी रोक्का समेत गर्न सकिनेछ " भन्ने व्यवस्था थप गरिएको छ । | गाँउपालिका क्षेत्र भित्र रहेका सामुदायीक विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि गर्न आवश्यक भएकोले । |
| ६ | शिक्षा नियमावलीको परिच्छेद-११ को नियम (६४) को उपनियम (१) मा "प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ ।<br>तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ" भन्ने व्यवस्था रहेको । | शिक्षा नियमावलीको परिच्छेद-११ को नियम (६४) को उपनियम "(१)" मा भएको प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ ।<br>तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ भन्ने व्यवस्था पछि" त्यसरी प्रधानाध्यापक आफैले एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा लिनु परेमा सोको जानकारी वि.व्य.स. अध्यक्षलाइ दिनु पर्नेछ र सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा व्यवस्थापन समितिको अध्यक्षबाट स्वीकृत गराइ सो विषयको शिक्षा समितिलाई लिखित जानकारी दिनुपर्नेछ" भन्ने व्यवस्था थप गरिएको छ । | विद्यालयमा सुशासन वृद्धि गर्न आवश्यक भएकोले । |

**२. वालागुरु खेल मैदान स्तरोन्नती आयोजना सम्बन्धमा ।**

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ विराटनगर को मिति २०७६/६/२९ च नं ५८ को प्राप्त पत्रानुसार यस पालिकामा कार्यान्वयनको लागी विशेष अनुदान तर्फको बालागुरु खेलमैदान स्तरोन्नती आयोजनाका लागी प्राप्त रकम रु २० लाखबाट मुख्य गरी गाउँपालिका कार्यालय तर्फ मेशोनरी वाल तथा सपोर्टबेस निर्माण हुने गरी लागत अनुमान तयार गरी सिलबन्दी खरिद प्रकृयाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

**३. नेपाल पर्यटन वोर्ड काठमाण्डौको योजना तथा कार्यक्रम सम्बन्धमा ।**

नेपाल पर्यटन बोर्डको मितिः २०७६/०७/०६ च.नं. ४ बमोजिम पशुपतिजगर देखि कन्चनजघां पदमार्ग सुधार योजना चालु आर्थिक वर्षमा कार्यान्वयन हुने गरी सात लाख विनियोजन भएकोमा उक्त योजना कार्यान्वयनका लागि स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा २५ बमोजिम हुने गरी सहमति दिने निर्णय गरियो साथै उक्त कार्यका लागि फोकल पर्शन प्राविधिक सहायक श्री बन्धु राईलाई तोकी योजना कार्यन्वयनका प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**४. घरेलु तथा साना उद्योग कार्यालय ईलामको कार्यक्रमको विषय र स्थान छनोट गरी सहभागी छनौट गर्ने सम्बन्धमा।**

घरेलु तथा साना उदयोग कार्यालय ईलामको मिति २०७६/७/१ को पत्रमा उल्लेखित कार्यक्रमहरु तपशिलको विषय तथा स्थानमा सम्पन्ने गर्ने निर्णय गरियो ।

| क्रसं | शिर्षक | कार्यक्रमको विषय | संचालन हुने स्थान | सहभागी संख्या | फोकल पर्शन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | युवा उद्यमशिलता तथा औधोगिक जनशक्ति विकास कार्यक्रम | बाख्रा पालन तथा खोर व्यवस्थापन तालिम | नयाँबजार | १० | श्याम कुमार सेम्बो | १,२ र ६ |
| २ | भगत सर्वजित सिप विकास कार्यक्रम | वेमौसमी तरकारी खेती तालिम | नयाँबजार | १० | श्याम कुमार सेम्बो | |
| ३ | स्थापन्न उद्यमीहरुको स्तरोन्नति कार्यक्रम | होमस्टे | नयाँबजार | १० | श्याम कुमार सेम्बो | पूर्व सहभागीहरु |
| ४ | उद्योग प्रवर्दन कार्यक्रम | बाख्रा पालन तथा खोर व्यवस्थापन तालिम | शुक्रबारेबजार | १० | सोम कुमार देवान | ३, ४ र ५ |

**५. सडक वोर्ड नेपालको प्रस्तावित आयोजना कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा सडक वोर्ड नेपालले मिति २०७६/५/१२ च नं. ४४१ को प्राप्त पत्रानुसार आ.ब. २०७६/०७७ मा स्थानीय सडक मर्मत संभार कार्यको लागी उक्त वोर्ड दवारा रु ७ लाख मात्र स्विकृत गरी यस गाउँपालिकामा पठाईएकोमा तपशिलको आयोजनामा खर्च हुने गरी कार्यक्रम स्वीकृत गरी सहमतिको लागी पेश गर्ने निर्णय गरियो ।

| क्रसं | प्राथमिकिकरण गरिएको | कार्यान्वयन हुने | स्विकृत रकम रु | कैफियत |
|---|---|---|---|---|

| | आयोजनाको नाम | स्थान | | |
|---|---|---|---|---|
| १. | सु.न.पा.आरुबोटे हाइड्रो टारी हातिटार सडकको सेतिखोला माङ्चोक टारी सडकखण्ड मर्मत गर्ने निर्णय गरियो । | माईजोगमाई वडा नं. ४ | ७ लाख | |

**६. गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको खोलानालाको ढुंगा वालुवा गिट्टि निकासी रोक सम्बन्धमा ।**

माईजोगमाई गाउँपालिकाको क्षेत्राधिकार भित्र वहने जोगमाई खोला र माई खोलाको वगरबाट अनाधिकृत रुपमा ढुंगा, वालुवा, गिट्टी निकासी भईरहेको भन्ने जनगुनासो आएको हुँदा प्रारम्भिक वातावरणिय परिक्षण नगरी त्यस्तो प्रकारका प्राकृतिक श्रोत र साधनहरुको दोहन गर्ने नहुने हुनाले तुरुन्त उक्त कार्य रोक लगाउने निर्णय गरीयो साथै उक्त कार्य गर्ने सम्बन्धित वडा कार्यालय र प्रहरी कार्यालय समेतलाई निर्देशन दिने निर्णय गरियो ।

**७. उपभोक्ता समितिवाट कार्यान्वयन हुने सडक योजना कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल हुँदा यस आ ब २०७६/७७ मा गाउँ सभाबाट स्विकृत वडा तर्फको सडक खण्डहरु उपभोक्ता समितिहरु मार्फत स्तरोन्नति गर्दा सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ को उपनियम ९ मा व्यवस्था भए बमोजिम लागत अनुमान तयार गर्दाको समयमा हेवी मेसिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्रविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिनेछ तथा उक्त मेसिन द्वारा गरिने सडक निर्माण कार्यमा कुल लागत अनुमानको ७० प्रतिशत भन्दा वढीकार्यमा मेसिन प्रयोग गर्न नपाईने निर्णय गरियो ।

विविध

**१. विपन्नलाई आर्थिक सहायता सम्बन्धमा ।**

माईजोगमाई गाउँपालिका स्थायी ठेगाना भएका तपिशलका व्यक्ति/परिवारलाई विपन्नलाई आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरि सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति वा परिवारको नाम | स्थायी ठेगाना | विरामीको किसिम | सहायता रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | निवेदक: लक्ष्मण ढकाल विरामीको नाम: मोहन प्रसाद ढकाल | माईजोगमाई ३ नामसालिंङ | मुटुरोग मुटुको सल्यक्रिया गरी भल्व परिवर्तन गरेको | रु २० हजार मात्र । | संलग्न कागजात: वडा कार्यालयको सिफारिस, प्रा.डा. भगवान कोईरालाको विपन्न नागरिक आवेदन तथा सिफारिस पत्र |
| २ | निवेदक: नर बहादुर न्यौपाने विरामीको नाम: आहना न्यौपाने | माईजोगमाई १ | मुटुको शल्यक्रिया | रु १५ हजार मात्र । | संलग्न कागजात: वडा कार्यालयको सिफारिस, प्रा.डा. भगवान कोईरालाको विपन्न नागरिक आवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तथा सिफारिस पत्र |

**२. राहत वितरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा छलफल गर्दा माईजोगमाई गाउँपालिका स्थायी ठेगाना भएका निम्न व्यक्ति तथा परिवारलाई विपद कोषबाट खर्च हुने गरी तपशिलको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र सं. | राहत पाउने व्यक्ति तथा परिवारको नाम | स्थायी ठेगाना | विपदको प्रकृति | राहत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | निवेदक: श्याम बहादुर राई | माईजोगमाई ५ | आगलागी | ३० हजार | निवेदन, प्रहरी स्थलगत मुचुल्का, वडा कार्यालयको सिफरिस |

**३. स्वयंसेवकको सेवा करार थप सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सम्पती कर कार्यान्वयनको लागी भाद्र १ गते देखि लागू हुने गरी ३ महिनाको लागी यस गाउँपालिकाबाट सेवा करारमा नियुक्त गरिएका स्वयंसेवकहरुको सेवा करार कार्तिक मसान्तमा समाप्त हुने हुँदा उक्त कार्यक्रमलाई नरन्तरता दिन आवश्यक भएकोले थप १ महिना मंसिर मसान्त सम्म हुनेगरी सोही सेवा सुविधा पाउने गरी तथा चालू खर्च तर्फको सेवा करार शिर्षकबाट खर्चहुने गरी स्वयंसेवकहरुको म्याद थप गर्न निर्णय गरियो ।

**४. यस गाउँपालिकाबाट कार्यान्वयन हुने ठेक्का सम्बन्धमा ।**

यस गाउँपालिकाबाट कार्यान्वयन हुने ठेक्का नं. १,२, ३ र ४ योजना कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने कार्यका लागि सम्बन्धित वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**५. गोलिया सिफारिस सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा गोलिया व्यवसायीबाट निजी बनको गोलिया कटानको सिफारिस वडा कार्यालयमा माग गर्दा उक्त गोलिया व्यवसायीले गोलिया सुरक्षित र व्यवस्थित गर्ने गरी आफ्नो घाट गद्दी तोकी सो क्षेत्रमा संकलन गर्ने प्रतिवदता पत्र पेश गरेमा मात्र गोलिया कटानको सिफारिस वडा कार्यालयवाट दिने गरी वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**६. स्थानिय सार्वजनिक विदा दिने सम्बन्धमा ।**

परापुर्वकाल देखि परम्परागत रुपमा यस माईजोगमाई गाउँपालिका वडा नं. १ नयाँबजारमा लाग्दै आएको बालाचर्तुदशी मेलालाई मध्यनजर गर्दै यस माईजोगमाई गाउँपालिका क्षेत्र भित्र मिति २०७६/०८/०९ गते सोमबारका दिन स्थानिय सार्वजनिक विदा दिने निर्णय गरियो ।